annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०६ पृष्ठ ८ | काठमाडौं, मंगलबार २७ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४५ | TUESDAY, MARCH 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अझै सयौं पालिका भाडामा


## कतै केन्द्र विवाद, कतै जग्गा अभाव

स्थानीय सरकार स्थापनाको सात वर्ष बितिसक्दा पनि देशभर २ सय ९ वटा पालिकाले अझैसम्म आफ्नै प्रशासनिक भवन निर्माण गर्न सकेका छैनन् । भवन नहुँदा उनीहरूले गर्ने दैनिक प्रशासनिक कामकाजमा समेत असर पर्ने गरेको छ । साँघुरा र भाडाका भवनबाट कार्यालय सञ्चालन गर्दा कार्यालयलाई आर्थिक भार पर्ने गरेको छ । कतै पालिकाको केन्द्र विवाद र कतै जग्गाको अभावले पालिकाहरूले आफ्नै भवन बनाउन नसकेको बताएका छन् । हालसम्म देशभर ३ सय ८१ वटा पालिकाले आफ्नै भवनबाट कार्यालय सञ्चालन गरिरहेका छन् । पछिल्लो पटक नयाँ प्रशासनिक भवन बनाउने पालिकाहरू १ सय ५८ वटा छन् ।

समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**




**प्यूठान जिल्लास्थित गौमुखी गाउँपालिकाको निर्माणाधीन भवन ।** ● केशरराज क्षेत्री

# जुलुसमा विदेशीको तस्बिर राख्नुपर्ने दयनीय अवस्थामा हामी छैनौं : प्रधानमन्त्री




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राजतन्त्र पुन: फर्काउन चाहनेहरू आफूलाई कट्टर राष्ट्रवादी भन्छन्। तर, पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतार्थ समर्थकहरूले आइतबार निकालेको र्‍यालीमा भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको तस्बिरसहितको प्लेकार्ड राखिएकामा कडा आलोचना भइरहेको छ।

त्यसलाई लिएर प्रधानमन्त्री केपी शर्मा ओलीले पनि गम्भीर आपत्ति जनाएका छन्। त्यसमाथि 'प्रधानमन्त्रीकै निर्देशनमा उक्त फोटो राखिएको' भन्ने राप्रपा सांसदको भनाइको उनले कडा खण्डन गरेका छन्।

राजावादीको जुलुसमा पूर्वराजा ज्ञानेन्द्रसँगै उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथको तस्बिर प्रदर्शन गरिएको थियो। यो सामाजिक सञ्जालमा भाइरल भएको छ। उक्त तस्बिर प्रदीपविक्रम राणाले हिन्दु राज्य स्थापनाको ब्यानरसहित प्रायोजन गरेका थिए। सुकेधाराबाट चाबहिल हुँदै आउने जुलुसले योगी आदित्यनाथको तस्बिरसहित प्रदर्शन गरेका थिए।

प्रधानमन्त्री ओलीले सोमबार नेपालको जुलुसमा विदेशीको फोटो राख्नुपर्ने दयनीय अवस्था आएको भन्दै आलोचना गरेका छन्। ओलीले भने, 'एउटा जुलुस निकाल्नुपर्‍यो भने विदेशीको तस्बिर राख्नुपर्ने दयनीय अवस्थामा हामी छैनौं। अलोकतान्त्रिक, प्रणाली विरोधी र असंवैधानिक कुराहरूमा लाग्ने हामीलाई फुर्सद छैन। हामी हरेक दिन एक कदम अगाडि भन्ने सोचका साथ समृद्ध नेपालको यात्रामा छौं।'

उनले राप्रपा सांसद ज्ञानबहादुर शाही (ज्ञानेन्द्र) को योगी आदित्यनाथको तस्बिर प्रधानमन्त्री ओलीकै निर्देशनमा राखेको आरोपमा कडा प्रहार गरेका छन्। 'केपी ओलीले जुलुसमा मान्छे घुसाइदिएको रे, गाडी पनि मैले नै हिँडाइदिएको भने भयो, मोटरसाइकल पनि मैले नै दगुर्‍याइदिएको, त्यो विदेशीको फोटो बोक्ने राणाजी पनि मेरो साख्खै भाइ, अब चित्त बुझ्यो ? ' प्रधानमन्त्री ओलीले भने, 'हिजो जुलुस, नारा देख्नुभयो, कस्का फोटा बोकेर हिँडेका थिए, त्यो त केपी ओलीले गरेको रे, मेराविरुद्ध तथानाम अश्लील नारा लगाइरहेका थिए, त्यो पनि मैले नै गरेको हो कि ? '

प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले मर्यादित स्थानमा पुगेका अयोग्यहरूबाट भ्रम फैलाउने काम गरेको भन्दै कडा टिप्पणी गरेका छन्। उनले पनि सामाजिक सञ्जालमा लेखेका छन्,

*'काँक्रा चोरहरू*
*काँक्रा चोर्छन्, खान्छन्,*
*पोल खुल्ने डरमा*
*हत्तपत्त अर्काको गालामा बियाँ टाँसी*
*कुलेलम ठोक्छनदलालहरू–*
*पहिले दलाली गर्छनदलालीको पोल खुलेपछि*
*खाल जोगाउन त्यस्तै हर्कत गर्छन् ।'*



'त्यो विदेशीको फोटो बोक्ने राणाजी पनि मेरो साख्खै भाइ, अब चित्त बुझ्यो ?

**केपी शर्मा ओली**, प्रधानमन्त्री

## पूर्वराजाको गतिविधिविरुद्ध सत्तापक्ष र प्रतिपक्ष एकै ठाउँमा

**काठमाडौं :** राजनीतिक दलहरू संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध प्रतिगमनकारी र पुनरुत्थानवादी शक्तिको चलखेलविरुद्ध एकै ठाउँमा उभिएका छन्। नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, जनमोर्चा नेपाललगायतका दलहरूले प्रतिगमनकारी र पुनरुत्थानवादीको गतिविधिविरुद्ध शक्तिहरूको चलखेल बढेको भन्दै त्यसको विरोध गरेका छन्।

उनीहरूले गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने बताएका छन्। यो डेढ दशकमा भएका गल्ती कमजोरी राजतन्त्रको २ सय ४० वर्ष लामो इतिहासको जति नरहेको उनीहरूको भनाइ छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार भएका सबैजसो कार्यक्रममा संविधानविपरीतको कुनै पनि काम स्वीकार्य नहुने बताएका छन्। उनले संविधान विरोधी गतिविधि सह्य नहुने बताएका छन्। उनले राजावादीको गतिविधि हुकुम प्रमांगीको झ-झल्को आएको पनि बताए। 'संविधान नमान्ने, व्यवस्था नमान्ने, लोकतन्त्र नमान्ने, प्रणाली नमान्ने, जनताको सर्वोच्चता नमान्ने, जनता रैती भएर बसिदिनुपर्ने,' हुकुम प्रमांगी झल्को आएको अहिले पनि', उनले भने। पूर्वराजालाई राजनीतिक गर्ने मैदानमा आउन पनि आफूले सुदूरपश्चिम पुगेर आग्रह गरेको उनले बताए।

'मैले सुदूरपश्चिम पुगेर नै भनिसकेको छु, राजनीति गर्नु छ भने आउनुहोस्, तर संविधान नमान्ने, कानुन नमान्ने, जहिले पनि अस्थिरता अराजकता लाने कुरा सह्य हुँदैन', उनले भने, 'त्यस्तो गतिविधि रोक्नु पर्छ। रोकिन्छ।' द्रव्य शाहदेखिको राजतन्त्र दरबार हत्याकाण्ड गरेर गद्दीमा बसेकाहरूको छलछाम यस्तै हुने पनि उनले टिप्पणी गरे।

» बाँकी पृष्ठ ६

# प्राधिकरणले बिछ्याइरहेका भूमिगत तार गुणस्तरहीन




## प्रतिवेदन २ महिना थन्क्याएर प्रतिस्थापनमा आनाकानी, फेर्न बल्ल ठेकेदार राजी

**सुनिता कार्की** | *काठमाडौं*

ललितपुर-भक्तपुर तथा पोखरा-भरतपुरमा नेपाल विद्युत् प्राधिकरणले भूमिगत तार बिछ्याउन प्रयोग गरेको हाई डेन्सिटी पोलिथिन (एचडीपीई) पाइप गुणस्तरहीन पाइएको छ। प्राधिकरणले उत्पादक कम्पनीकै प्रयोगशालामा गुणस्तर 'जाँचपास' गरेर पाइप बिछ्याउन सुरु गरेको थियो। तर, पाइप धमाधम फुट्न थालेपछि प्राविधिकहरूले प्रश्न उठाएपछि प्राधिकरण व्यवस्थापनले बाध्य भएर अर्को परीक्षण गराएको थियो।

भारतको लखनउस्थित सरकारी प्रयोगशाला (केन्द्रीय पेट्रोरसायन इन्जिनियरिङ तथा प्रविधि संस्थान: सिपेट, आईपीटी) मा परीक्षण गर्दा गुणस्तर धेरै कमी पाइएको हो। यसबारे पुसमा प्रतिवेदन आएको थियो। तर, ठेकेदार कम्पनीको 'दबाब' मा प्राधिकरण उच्च व्यवस्थापनले प्रतिवेदन गुपचुपमा राखेको स्रोतले बतायो। प्राविधिकहरूले प्रतिवेदन बाहिर ल्याउन थालेपछि अन्तत: ठेकेदारबाट प्रतिस्थापन गराउने तय भएको छ।

पाइप बिछ्याउने क्रममा पाइप फुट्न थालेपछि पाइपमा समस्या भएको थाहा पाइएको नेपाल विद्युत् प्राधिकरण, आयोजना व्यवस्थापन निर्देशनालय (पीएमडी) का प्रमुख तारा प्रधानले बताए। एसियाली विकास बैंक (एडीबी) को सहयोगमा आयोजना व्यवस्थापन निर्देशनालय (पीएमडी) मातहतको वितरण प्रणाली सुदृढीकरण आयोजनाले पोखरा-भरतपुर र ललितपुर-भक्तपुर भूमिगत लाइन विस्तारको काम गरिरहेको छ। सन् २०२१ बाट सुरु भएको यो परियोजना सन् २०२५ को सेप्टेम्बरमा सकाउने समय निर्धारण गरिएको हो।

पोखरा-भरतपुर करिब २ अर्ब र ललितपुर-भक्तपुर करिब तीन अर्बको आयोजना हो। दुई आयोजनाअन्तर्गत ईपीसी (इन्जिनियरिङ, प्रोक्योरमेन्ट र कन्स्ट्रक्सन अर्थात् अध्ययन, खरिद र निर्माण) मोडलमा तिजरियाद्वारा उत्पादित पाइप आपूर्ति गर्ने टाटा प्रोजेक्ट्स लिमिटेडले चार स्थानको ठेक्का पाएको छ। गत असोजमा पाइपमा तार (कन्डक्टर) राखेर तन्काउने क्रममा पाइप फुटेपछि गुणस्तरहीन भएको शंका गरिएको थियो।

पाइप फुटेपछि आयोजनाका प्राविधिकले नापजाँच गर्दा स्वीकृत मापदण्डविपरीत पाइएको थियो। बोलपत्र आह्वान र त्यसको सम्झौता गर्दा भूमिगत गरिने प्रत्येक ६ मिटर पाइपको टुक्राको न्यूनतम तौल २५ केजी हुनुपर्ने मापदण्ड रहे पनि १५ प्रतिशतसम्म कम पाइएको प्रतिवेदनमा छ। त्यस्तै, पाइपको मोटाइ (थिकनेस) पनि २५ प्रतिशतसम्म कम पाइएको थियो। ६ मिटरको पाइपमा दुवैतर्फको छेउको मापदण्ड पुगे पनि बीच भागमा मापदण्डअनुसारको मोटाइ नरहेको आयोजनाले नै स्वीकार गरेको छ।

प्राप्त कागजातअनुसार पाइप उत्पादक कम्पनीको प्रयोगशालामा परीक्षण गर्दा मापदण्डभित्रै रहेको तर लखनउस्थित सरकारी प्रयोगशालाको प्रतिवेदनले गुणस्तर नपुगेको देखाएको छ। यसको अर्थ उत्पादक कम्पनी (तिजरिया) ले वितरित पाइपको गुणस्तरमा ठगठाग गरेको पीएमडी मातहतको वितरण प्रणाली सुदृढीकरण आयोजनाका निर्देशक बोधराज ढकाल बताउँछन्।

दुवै ठाउँमा जमिनमुनि राखिसकिएका र राख्न बाँकी पाइप तोकिएको गुणस्तरअनुसार नरहेपछि तेस्रोपक्षीय ल्याब परीक्षण गर्न लखनउ पठाइएको उनले बताए। भक्तपुरमा बिछ्याएका पाइपहरू फुट्न थालेपछि पाइपको गुणस्तरमा शंका गरिएको थियो।

प्राधिकरणका अनुसार भूमिगत वितरण लाइनका लागि झन्डै ६० करोड रुपैयाँबराबरको पाइप आयात भइसकेको थियो। यसमध्ये झन्डै ४० करोड रुपैयाँबराबरको प्रयोग भइसकेको छ। पोखरा-भरतपुरमा २ सय ४० किलोमिटर र ललितपुर-भक्तपुरमा करिब तीन सय किलोमिटर पाइप बिछ्याउने काम अघि बढेको थियो। सुरुका वर्षमा समस्या नभइकन पाइप पछ्याउने काम भएकोमा चालु वर्षमा भने केही स्थानमा पाइप फुटेपछि यसमा भएको गुणस्तरबारे थाहा भएको ढकाल बताउँछन्।

» बाँकी पृष्ठ ६